शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : पारु लामा, धनुषा सिंह घले,
गीता थापा र अलका आत्रेय

# विनाधितो महिला समूह कर्जा

महिला दिदी बहिनीहरू समूह बनाई उद्यम गरौँ
धितो नभए के भयो र सबै मिली काम गरौँ

समूह बनाई ऋण दिन बैंकले विश्वास गर्दछ
उद्यमशीलता इमानदारिता यही नै धितो बन्दछ
लघुवित्तले उन्नति हुन्छ, सहयोग लिई काम गरौँ
समूह कर्जा लिएर सानै भए पनि काम थालौँ

इमान हाम्रो सम्पत्ति इमानी भै उद्यम गरौँ
धितो नभए के भयो र सबै मिली काम गरौँ

समूहमा नै भरोसा छ, समूहमा हिम्मत बढ्दछ
सीप बढाउने अवसर हुन्छ, अभाव टाढा भाग्दछ
सुनौलो मौका उपयोग गर्दै सबल भई अघि बढौँ
समूह बनाई उद्यम गरी प्रगति पथमा लौ बढौँ ।

महिला दिदी बहिनीहरू आर्थिक क्रान्तिमा लौ बढौँ
धितो नभए के भयो र सबै मिली काम गरौँ